लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, प्रदेश नं. २, नेपाल

## विभिन्न बजार ठेक्कासँग सम्बन्धित सूचना ।

**सूचना प्रकाशित मिति : २०७७/०४/१९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७७ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक स्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू लालबन्दी नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व.२०७७/०७८ का लागि ठेक्का बन्दोबस्त गरी संकलन गर्नुपर्ने भएकोले इच्छुक फर्महरूबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा बोलपत्र फाराम यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ठे.नं. आ.आ. १ को हकमा ७(सात) दिन र ठे.नं. आ.आ. ८ को हकमा १५(पन्ध्र) दिनको कार्यालय समय भित्र खरिद गरि सिल पूर्वकको गोप्य सिलबन्दी बोलपत्रहरू ठे.नं. आ.आ. १ को हकमा ८(आठ) दिन र ठे.नं. आ.आ. ८ को हकमा १६(सोह्र) दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन मिति २०७७/०४/१७ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतम अंक | बो.फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. १ | गोरु बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | १,१६,३०,०१२।- | ३०००।- | तेस्रो पटक प्रकाशित |
| आ.आ. ८ | हुमहुमे मन्दिर देखी दक्षिण तर्फको तरकारी बजार | लालबन्दी न.पा. बजार, वडा नं. ७ | ४९,००,०००।- | ३०००।- | दोस्रो पटक प्रकाशित |

**शर्तहरु**

१. ठेक्का अवधि आ.व.२०७७/०७८ को श्रावण १ गते देखि २०७८ आषाढ मसान्त सम्म हुनेछ ।
२. आफूले कबोल गरेको अंकको नेपाली फर्म भए ५% र विदेशी फर्म भए १०% धरौटी यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, लालबन्दी शाखा स्थित धरौटी खाता नम्बर १२८००४०३०००००२ मा जम्मा गरि सो को सक्कल भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
३. बोलपत्रदाताले आफूले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
४. सबै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ । आफूले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।
५. स्वीकृत बोलपत्र दाताले आफूले कबोल गरेको कुल रकम बोलपत्र स्वीकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ३(तिन) महिना म्याद भएको कार्यसम्पादन जमानत बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरिनेछ र फाटक उपलब्ध गराइनेछ । बोलपत्र दाताले कार्यसम्पादन जमानतको म्याद भित्र यस कार्यालयको खातामा जमानत बराबरको रकम दाखिला गरिसक्नु पर्नेछ । कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।
६. जुन फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिइने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन । सिलबन्दी खाममा कुन ठेक्काको लागि बोल पत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।
७. माथि उल्लेख भएको ठेक्काहरु मध्ये सबै वा छुट्टा छुट्टै रुपमा बोलपत्र/प्रस्ताव पेश गर्न सकिनेछ । उक्त बमोजिम पर्न आएको बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. बोलपत्र फाराम लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी र १ र २ नं. वडा कार्यालय, नेत्रगंजबाट माथि उल्लेखित समयमा खरिद गरी दर्ता गराउन सकिनेछ र दर्ता गर्ने अन्तिम दिनको ०२:०० बजे बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन ।
९. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानुन अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**